राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष–१७ । । अङ्क : १०६ ॥ २०८२ जेठ ११ गते आईतबार (25th May 2025 Sunday) | Pratidin National Daily | मूल्य–रु.५/–

# आन्दोलनको पूर्वसन्ध्यामा पूर्व राजा शाह झापा आउँदै



झापा(प्रस) । राजावादीहरुले यही जेठ १५ गतेदेखि अनिश्चितकालीन आन्दोलन गर्ने तयारी गरिरहेका बेला पूर्व राजा ज्ञानेन्द्र शाह आज झापा आउने भएका छन् ।

उनी दुई हप्ते बसाइँका लागि दमक ९ स्थित हिमालयन महालक्ष्मी टि इस्टेटको मिनी दरबारमा आउने भएका हुन् । आज दिउँसो २ बजे चन्द्रगढी विमानस्थलमा अवतरण गरी शाह दमकतर्फ जाने कार्यक्रम रहेको छ । उनी जेठ २५ गतेसम्म झापामा रहने बुझिएको छ । पूर्व राजाको सुरक्षाको लागि सशस्त्र प्रहरी बल नेपालको टोली शुक्रवार नै काठमाडौंबाट हिमालय महालक्ष्मी टि इस्टेटको मिनी दरबारमा आइसकेको छ । सशस्त्र प्रहरी निरीक्षक राजिवकुमार पाण्डेको कमाण्डमा ११ जनाको टोली ७ वटा गाडीसहित आइपुगेको हो । हिमालय महालक्ष्मी टि इस्टेटको मिनी दरबारमा केही दिनदेखि पूर्व राजाको परिवारका सदस्यहरुको आउन जाने क्रम चलिरहेको इलाका प्रहरी कार्यालय दमकका डीएसपी रामप्रसाद तिमल्सिनाले जानकारी दिए ।

पूर्व राजा शाहले दमकमा बसेर राजनीतिक भेटघाट गर्दै आएका छन् । राप्रपालगायतका राजावादी शक्तिहरुले जेठ १५ देखि अनिश्चितकालीन आन्दोलनको तयारी गरिरहेका बेला पूर्व राजा झापा आउनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ । राजधानीमा राजावादीहरुले आन्दोलन गरेका बेला पूर्व राजा शाह कहिल्यै पनि राजधानीमा बसेका छैनन् । गत चैत १५ गतेको आन्दोलनका बेलामा पनि उनी राजधानीबाहिर थिए । त्यस्तै २०८० मंसिरमा काठमाडौंमा राजसंस्था फर्काउने उद्घोषसहित आन्दोलन भइरहँदा पूर्वराजा र राजपरिवारका सदस्यहरु राजधानी र मुलुक बाहिर निस्केका थिए । त्यतिबेला पनि शाह झापा आइपुगेका थिए । जेठ १५ गतेको आन्दोलनका बेलामा पनि पूर्व राजा राजधानीमा रहने छैनन् ।

### भेलागुडीमा बिश्रान्ती घाटको निर्माण शुरु
# शिलान्यासकै दिनबाट सहयोग संकलन



झापा(प्रस)। भेलागुडीलाई धार्मिक एवं पर्यटकीय स्थलको रुपमा विकास गर्ने उद्धेश्यसहित झापाको बिर्तामोड-८ स्थित देउनिया खोलामा बिश्रान्ती घाट निर्माण शुरु गरिएको छ । कोशी प्रदेश सरकारका खानेपानी , सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीले शनिवार एक कार्यक्रमका बीच बिश्रान्ती घाटको शिलान्यास गरेका छन् । डीपीआर तयार गरी करिव दुई करोड रुपैयाँको लागतमा विश्रान्ती घाट , स्नान घर , मलामी घर , बगैचालगायतका संरचनासहित धार्मिक एवं पर्यटकीय स्थल निर्माण गरिने बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्कीले बताए। उनले प्रदेश सरकार ,स्थानीय सरकार र विभिन्न दाताहरुको सहयोगमा बिर्तामोड ८ स्थित भेलागुडी जंगललाई पूर्वकै धार्मिक एवं पर्यटकीय गन्तव्य निर्माण गरिने जानकारी दिए ।

विश्रान्ती घाटको शिलान्यास गर्दै मन्त्री कार्कीले डीपीआर तयार गरी व्यवस्थित घाट निर्माण गरिनुपर्नेमा जोड दिँदै प्रदेश सरकारबाट सक्दो सहयोग गर्ने आश्वासन दिए। उनले प्रदेश सरकारको बजेट बैंकमा सो योजना पार्ने बताउँदै योजनालाई क्रमागत रुपमा बजेट पारेर भएपनि पूरा गरेरै छाड्ने प्रतिवद्धता जनाए । कार्यक्रममा हल्दिवारी गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले पनि नीति नियमले मिलेसम्म आफ्नो पालिकाका तर्फबाट सहयोग गर्ने आश्वासन दिए । शिलान्यास कार्यक्रममै वडाध्यक्ष अजय कार्की र उनका श्रीमती कल्पना कार्कीले घाट निर्माणका लागि १लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेका छन् । त्यस्तै मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले ५१ हजार रुपैयाँ सहयोग गरेका छन् । उनले धार्मिक एवं पर्यटकीय स्थललाई साकार पार्न सफल योजनाकारको जरुरी भएको बताए । विश्रान्ती घाट निर्माण समितिका अध्यक्ष शम्शेरबहादुर विष्टको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा प्रमुख अतिथि मन्त्री कार्की , विशिष्ट अतिथिहरु हल्दिवारी अध्यक्ष लिङ्देन , मेची आँखा अस्पतालका अध्यक्ष गुरुङ, समाजसेवी वेदप्रकाश अग्रवाल , पुराण आयोजक समितिका अध्यक्ष बाबुराम पराजुलीलगायतले बोलेका थिए । कार्यक्रममा भद्रपुर नगरपालिकाका उपमेयर राधा कार्की , भद्रपुर ७ का वडाध्यक्ष अभिशेख ढुंगाना , बिर्तामोड ८ का वडा सदस्यहरु इन्दिरा पाण्डे , सोयालाल राजवंशी , लक्ष्मी नेपाली , समाजसेवी हरि पाण्डे , रणबहादुर मगरलगायतको उपस्थिति रहेको थियो । विश्रान्ती घाट निर्माण समितिका उपाध्यक्षमा देवराज उप्रेतीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव मदनकुमार अधिकारीले गरेका थिए । विश्रान्ती घाट निर्माणकै लागि गत बैशाख ६ देखि बैशाख १३ गतेसम्म पुराण सञ्चालन गरिएको थियो । जसबाट १७ लाखभन्दा बढी रकम संकलन भएको थियो । पुराणबाट खर्च कटाएर ९ लाख ६९ हजार ८५८ रुपैयाँ बचत भएको थियो । विश्रान्ती घाट निर्माण गर्न केही दिनअघि शम्शेरबहादुर विष्टको अध्यक्षतामा निर्माण समिति गठन गरिएको हो ।
समितिको उपाध्यक्षमा देवराज उप्रेती , सचिव मदनकुमार अधिकारी , सहसचिव भुपाल अधिकारी र कोषाध्यक्ष कल्पना बराल रहेका छन् । त्यस्तै सदस्यहरुमा हेमराज भट्टराई , सीता पाण्डे प्रसाई , विनोद खरेल , सूर्यबहादुर विष्ट , केशव घिमिरे , गजेन्द्र शेर्पा , कमल मगर (डेनी सञ्चार) , कालिप्रसाद राजवंशी , बद्री प्याकुरेल र इन्द्रसिंह राजवंशी रहेका छन् । त्यस्तै डम्बरप्रसाद तिम्सिनाको संयोजकत्वमा सल्लाहकार समिति पनि निर्माण गरिएको छ ।

जसको सदस्यहरुमा हरि पाण्डे , हरिप्रसाद गौतम , पुण्य लम्साल , बाबुराम पराजुली , गोविन्द पाठक , एकराज विष्ट , नवराज खतिवडा , शान्तिराम निरौला ,मनोज दाहाल , फुनिनाथ दुलाल ,गुणराज भण्डारी ,अनिल गौतम ,कुमार दर्नाल , सोयालाल राजवंशी ,रुद्र बराल र प्रेमप्रसाद गौतम रहेका छन् ।

# गृहमन्त्री लेखकलाई राजीनामा दिन सुझाव



झापा(प्रस) । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले गृहमन्त्री रमेश लेखकलाई नैतिकताको आधारमा राजीनामा दिएर छानबिनका लागि मार्ग प्रशस्त गर्न सुझाव दिएका छन् ।
शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेता कोइरालाले भ्रष्टाचारको विषयमा कुरा उठिसकेपछि नैतिकताको आधारमा राजीनामा दिनु उपयुक्त हुने बताएका हुन् । उनीहरूले विगतमा समेत भ्रष्टाचारको विषय उठेका केही मन्त्रीहरूले राजीनामा दिएर अनुसन्धानमा सघाएको उल्लेख गर्दै राजीनामा दिएर अनुसन्धानमा सहयोग गर्न गृहमन्त्री लेखकलाई सुझाव दिएका हुन् ।
उनले अध्यागमनको भिजिट भिसा प्रकरणमा संलग्नता भएको विषय उठिसकेपछि आफूलाई सही साबित गर्न पनि छानबिन हुन जरुरी रहेको बताए । उनले भने, 'यो कुनै नौलो कुरा होइन । यदि त्यसो हो भने मोरल ग्राउन्डमा पनि उहाँले 'ल म छोडिदिन्छु, छानबिन गर' भनेर भने हुन्छ । सामान्य कुरा हो यो त । राजनीतिमा नैतिकता भन्ने कुरा पनि त हुन्छ नि । इस्यु आएको छ । उहाँको संलग्नता नहोला तर इस्यु आइसकेपछि आफू क्लिन छु भनेर देखाउनको लागि पनि छानबिन हुन जरुरी छ ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत भिजिट भिसामा जाने युवाबाट रकम असुली गरिएको प्रकरणमा गृह मन्त्रालयसमेत जोडिएको छ । यही

❖ बाँकी अन्तिम पृष्ठमा

# युवतीलाई बलात्कार गरी ८ महिनाको गर्भ बोकाउने पक्राउ



झापा(प्रस)।स्थानीय युवतीलाई जबरजस्ती करणी गरी ८ महिनाको गर्भ बोकाउने भद्रपुरका एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा भद्रपुर नगरपालिका वडा नम्बर ५ बस्ने अन्दाजी २० वर्षका शंकर राजवंशी रहेका छन् । कनकाई नगरपालिका वडा न. ८ लक्ष्मीपुरमा लुकिछिपि बसिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालयको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको हो । गत असोज २४ गते बिहान ४:३० बजेदेखि राति ९ बजेसम्मको समयभित्र भद्रपुरको डेग्लो होटलमा राजवंशीले १७ वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको जाहेरीमा उल्लेख छ । पीडितका बुवाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि शुक्रवार नै पक्राउ गरेको प्रहरीले जनाएको छ । उनलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा राखी थप अनुसन्धान भइरहेको छ ।

# कृषकहरुले गौरादहमा गरे चक्काजाम



झापा(प्रस) । विभिन्न माग राखी कृषकहरुले झापाको गौरादहमा चक्काजाम गरेका छन् । शनिवार बिहान ७ देखि ८ बजेसम्म गौरादह नगरपालिका -८, चन्दन चोकस्थित पाडाजुँगी-गौरीगंज सडकखण्डमा जोरपल उच्च कृषक समूहको आयोजनामा कृषकहरुले एक घण्टा चक्काजाम गरेका हुन् । जोरपल कृषक समूहका अध्यक्ष इन्द्र पोखरेलको नेतृत्वमा करिब ३५ जना स्थानीय कृषकहरुको उपस्थितिमा "सरकारले तोकेको मूल्य पाउनुपर्ने, मल, बीउ, विषादि समयमा पाउनुपर्ने, ट्र्याक्टर जोताई दररेट कम हुनु पर्ने र कृषि सिँचाई महशुल पुरै छुट हुनु पर्ने" लगायतका ४ सुत्रीय माग राखी प्रदर्शन गरेका छन् ।

हातमा हलो जुवा, कोदालो र विभिन्न माग लेखिएको प्लेकार्डसहित चक्काजाम गरेको प्रहरीले जनाएको छ । चक्काजाम गरेता पनि सवारी साधनहरु सडकको साइड किनाराबाट सुचारु रहेको थियो ।

# इलाममा बाटोबाट लडेर एकजनाको मृत्यु



झापा(प्रस) । इलाममा बाटोबाट लडेर एकजनाको मृत्यु भएको छ । शनिवार दिउँसो ४.५० बजे इलाम माङसेबुङ गाउँपालिका- ५ भालुटार बस्ने ६८ वर्षीय धनराज लिम्बूको आफ्नो घरदेखि अन्दाजी ५ सय मिटर पूर्वमा रहेको गोरेटो बाटोबाट लडेर मृत्यु भएको हो । बाटोबाट अन्दाजी ६ मिटर तल खसेर उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । साँझ ५ बजे मृतकका छोरा धड्कन लिम्बूले प्रहरी चौकी बाँझोमा जानकारी गराउनसाथ प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको छ । आफन्तहरुसँग बुझ्दा मृतकले मिर्गी रोगको विगत २ बर्षदेखि औषधी सेवन गर्दै आएको भन्ने बुझिएको छ ।
अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय मंगलबारेबाट प्रहरी टोली घटनास्थलतर्फ गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस्, हेपटाईटिस् रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# कोशीमा मात्रै विपद्‍बाट एक दशकमा ७३ हजार परिवार प्रभावित

झापा(प्रस) । प्राकृतिक प्रकोपले बारम्बार जनधनको क्षति पुर्‍याउँदै आएको कोशी प्रदेश हाल देशकै सबैभन्दा संवेदनशील विपद् क्षेत्रका रूपमा चिनिन थालेको छ । पहाडदेखि तराईसम्म फैलिएको भौगोलिक अवस्थाका कारण यहाँ बर्सेनि बाढी, पहिरो, डुबान, चट्याङ, आगलागीजस्ता प्राकृतिक र मानव सिर्जित विपद्का घटनाले ठूलो मानवीय र भौतिक क्षति पुर्‍याउँदै आएको छ ।

एक दशकयताको तथ्यांक हेर्दा कोशी प्रदेशमा भएका ११ हजार ९ सय ३७ वटा विपद्का घटनामा परी १ हजार २८ जनाले ज्यान गुमाएका छन् । त्यस्तै, ७३ हजारभन्दा बढी परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

कोशी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका सदस्य तथा विपद् विज्ञ रामकुमार दाहालका अनुसार यो प्रदेश विपद् जोखिमको दृष्टिले 'रेड जोन' मा पुगिसकेको छ । 'यहाँको भौगोलिक अवस्था, जलवायु परिवर्तन, बस्तीको अव्यवस्थित विस्तार र संरचनागत कमजोरीका कारण कोशी जोखिममा परेको हो,' दाहाल भन्छन् ।

विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि तत्काल प्रभावकारी कदम चाल्नुपर्ने विज्ञको सुझाव छ । स्थानीय तह, प्रदेश सरकार र संघीय निकायबीच समन्वयात्मक ढंगले योजना निर्माण र कार्यान्वयन गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् ।

विपद्का घटनाबाट हुने क्षति न्यूनीकरण गर्न जनचेतना, पूर्वतयारी, समयमै सतर्कता र जोखिमयुक्त क्षेत्रको पुनःस्थापना प्राथमिकतामा राख्नुपर्ने आवश्यकता देखिएको सरोकारवाला बताउँछन् । प्राकृतिक प्रकोपको लगातार मार खेप्दै आएको कोशी प्रदेशमा मुख्यतः बाढी, पहिरो, चट्याङ र भूकम्पजस्ता विपद्का घटनाहरू दोहोरिँदै आएका छन् । पछिल्लो एक दशकको तथ्यांकअनुसार यस्ता विपद्का कारण ७ सय जनाभन्दा बढीले ज्यान गुमाइसकेका छन् ।

विपद् विज्ञ दाहालका अनुसार कोशीमा सबैभन्दा धेरै चट्याङको प्रकोप देखिएको छ । पछिल्लो १० वर्षमा चट्याङ लागेर मात्रै २ सय ४६ जनाको मृत्यु भएको छ । 'बाढी, पहिरोभन्दा पनि चट्याङको जोखिम कोशीमा उच्च छ,' दाहाल भन्छन् ।

त्यसपछि पहिरोले २ सय ४२ जनाको र बाढीले १ सय ८६ जनाको ज्यान लिएको छ । भूकम्पका कारण ६२ जनाले ज्यान गुमाएका छन्, जसमा २०७२ को विनाशकारी भूकम्पबाट ठूलो क्षति भएको थियो । दाहालका अनुसार कोशी प्रदेश भूकम्पको दृष्टिले पनि उच्च जोखिममा छ । 'यहाँ ७० प्रतिशतभन्दा बढी घर माटो र ढुंगाबाट बनेका छन्,' उनी भन्छन्, 'जुन सामान्य भूकम्पले पनि भत्काएर ठूलो क्षति पुर्‍याउन सक्ने जोखिम छ ।'

गत वर्ष कोशी प्रदेशले दशककै सबैभन्दा भयावह बाढीको सामना गर्नुपरेको थियो । उक्त बाढीमा २ सय ३९ जनाले ज्यान गुमाए भने १७ हजारभन्दा बढी मानिसको उद्धार गरिएको थियो । त्यस्तै, बाढीका कारण ३९ वटा जलविद्युत् आयोजना क्षतिग्रस्त भए । झापा र सुनसरी बाढीबाट सबैभन्दा बढी प्रभावित भए । झापामा २३ हजार ८ सय ८५ र सुनसरीमा ४२ हजार ३ सय ९६ घरधुरी प्रत्यक्ष प्रभावित भए ।

विपद् न्यूनीकरणमा चुनौती कायमै रहे पनि स्थानीय तथा प्रदेश सरकारका निकायहरूले जोखिम क्षेत्रको पहिचान, पूर्वसूचना प्रणालीको सुदृढीकरण र नागरिक सचेतनामा जोड दिन थालेका छन् । विपद्का कारण हुने जनधनको क्षति रोक्न दीर्घकालीन योजना र पूर्वतयारी आवश्यक रहेको विज्ञहरूको राय छ । 'अझ चिन्ताजनक पक्ष हिमताल विस्फोट हो, जसले सुनसरी, उदयपुर र ओखलढुंगाका १२ हजार ७ सय ६ घरधुरी प्रभावित पारेको थियो,' दाहाल थप्छन्, 'विपद्हरू प्राकृतिक र मानव सिर्जित दुवै खालका छन् । दुवैको जोखिम उच्च छ ।'

यस वर्षको मनसुन सुरु हुनुअघि नै पूर्वी नेपालका १४ जिल्लामा पहिरोको उच्च जोखिममा परेका घरधुरीको संख्या २५ हजार नाघेको छ । स्थानीय तह र जिल्ला प्रशासन कार्यालयहरूको प्रारम्भिक तथ्यांकअनुसार तीमध्ये २ हजार ७ सय ८ घरधुरीलाई तत्काल स्थानान्तरण गर्नु आवश्यक देखिएको छ । सर्वाधिक जोखिममा पर्ने जिल्ला पाँचथर हो, जहाँ ३ हजार ५ सय ४० घरधुरी पहिरोको सम्भावित प्रभावमा छ । यद्यपि स्थानान्तरण आवश्यक पर्ने संख्या भने ८६ मा सीमित छ ।

दोस्रो धेरै प्रभावित जिल्ला संखुवासभा हो, जहाँ २ हजार ६ सय ५० घरधुरी प्रभावित छन् । सबैभन्दा बढी ७ सय ८ घरधुरीलाई सुरक्षित स्थानमा सार्नुपर्ने देखिएको छ । इलाममा १ हजार २ सय ४३ घरधुरी पहिरोको जोखिममा छन् भने तीमध्ये ३ सय ५५ घरधुरी अत्यधिक जोखिमयुक्त क्षेत्रमा छन् । यस्तै ताप्लेजुङमा २ हजार ४ सय ३० घरधुरी प्रभावित छन् र २ सय ८५ घरधुरी स्थानान्तरण आवश्यक पाइएको छ । खोटाङ, धनकुटा, सोलुखुम्बु, ओखलढुंगा, भोजपुर, उदयपुर, मोरङ, सुनसरी, झापालगायत जिल्लामा पनि सयौं घरधुरी पहिरोको चपेटामा परेका छन् । झापा, मोरङ र सुनसरी त बाढीको पनि उच्च जोखिममा छन् । विशेषगरी पहाडी भूभागमा रहेको संरचनागत जोखिम, अव्यवस्थित बस्ती विकास र वातावरणीय असन्तुलनले समस्या गम्भीर बन्दै गएको विज्ञहरूको भनाइ छ ।

स्थानीय सरकार तथा विपद् व्यवस्थापन निकायहरूले जोखिम मूल्यांकन तथा पूर्वतयारीलाई तीव्रता दिइरहेका छन् । सम्बन्धित निकायहरूले उच्च जोखिममा रहेका घरधुरीलाई सुरक्षित स्थानमा सार्ने योजना बनाइरहेको बताइएको छ ।

# करेन्ट लागेर १० वटा पशुचौपाया मरे

झापा(प्रस) । ताप्लेजुङको मेरिङदेन गाउपालिका-१ थिङलावुको थुङथाप खवागु नजिकमा झण्डै एक दर्जन पशुचौपाया मरेका छन् ।

वडाध्यक्ष सविन लिम्बूका अनुसार विजय लिम्बू एभेङका एक हल गोरु, एउटा बाच्छो, एउटा गाई, एउटा खसी र पाँचवटा बाख्रा बिजुलीको पोलकै छेउमा ढलेका हुन् ।

विजयका १८ वर्षीय छोरा सन्तोष एभेङले खर्कबाट चराएर गोठमा फर्काउँदै गर्दा घटना भएको हो । सन्तोषका अनुसार बिजुलीको झड्का उनलाई पनि लागेको थियो ।

चराउन लगेका पशुचौपायामध्ये आफ्नो छेउमा रहेको एउटा बाख्रोको खुट्टो तानेर बचाएको अरु बाँकी सबै मरेको सन्तोषले बताए । सन्तोषको पनि स्थानीय स्वास्थ्य चौकीमा लगेर प्राथमिक उपचार गरिएको थियो । आफ्नो स्वास्थ्य ठिक रहेको उनले बताए ।

छेउमा आफ्ना पशुचौपाया पुग्दा बिजुलीको पोलमा आगो लागेको देखेको सन्तोषले बताए । वडाध्यक्ष सविनका अनुसार तारको इन्सुलेटर फुटेर विद्युत् प्रवाह भइरहेको तार पोलमा टासिएको र पोलमार्फत जमिनमा करेन्ट प्रवाह भई पशुचौपायामा क्षति पुगेको अनुमान गरिएको छ ।

त्यहाँको विद्युत् सेवा स्थानीय सहकारीले सञ्चालन गरेको थियो । यस घटनाका सम्बन्धमा विद्युत् सहकारी लगायत सरोकारवालासँग शनिबार छलफल गरेको र यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने विधिका बिषयमा एउटा निष्कर्षमा पुगेको गाउँपालिका अध्यक्ष युक हांविर हाङगामले जानकारी दिए ।

बिजुलीको तार झरेका कारण गत बैशाख ८ गते बिहान ताप्लेजुङ सदरमुकाम फुङलिङबाट पाथीभरातर्फ जाँदै गरेका चारजना तीर्थयात्रीको सेवारो चोक नजिकै मृत्यु भएको थियो । दुईजना घाइते भएका थिए । विद्युत्का कारण दिनानुदिन भइरहेको घटनाप्रति स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

# राहत कोषमा भट्टराईले गरे ५१ हजार सहयोग

झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषमा बिर्तामोडका युवा व्यवसायी निर्मल भट्टराईले ५१ हजार रुपैयाँ प्रदान गरेका छन् । संघको कार्यालयमा आयोजित कार्यक्रमकाबीच भट्टराईले संघका अध्यक्ष राजु न्यौपानेलाई उक्त रकम प्रदान गरेका हुन् । भट्टराई संघका विशिष्ठ सदस्य हुन् । उनले आफ्नो जन्मदिनको अवसर पारेर संघले स्थापना गरेको कोषमा सहयोग पुर्‍याएको र कोषमा एक करोड रुपैयाँ नपुग्दासम्म हरेक वर्ष आफ्नो जन्मदिनमा सहयोग प्रदान गर्ने बताए ।

श्रीमती सुमित्रासहित संघको कार्यालयमा आएका उनले कोषमा रकम प्रदान गर्दै व्यवसायीकै हितका लागि बिर्तामोड उद्योग वाणिज्य संघले काम गरिरहेको र कोष वृद्धिका लागि रकम जुट्ने क्रम पनि जारी रहेको बताए ।

भट्टराई अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष र एभरेष्ट लार्ज कार्डमम इन्डष्ट्रिजका अध्यक्ष हुन् । योसंगै उनी विभिन्न सामाजिक र व्यवसायिक संघ संस्थामा आवद्ध छन् । कोष वृद्धिका लागि सहयोग प्रदान गरेका भट्टराईलाई बिर्तामोड उद्योग वाणिज्य संघले कदरपत्रसहित सम्मान गरेको छ । कदरपत्र संघका अध्यक्ष न्यौपाने,कोषका संयोजक राजकुमार घिमिरे राजु, उपाध्यक्ष जीवन खड्का, गोमा भट्टराई , महासचिव कुशल खतिवडालगायतले संयुक्तरुपमा प्रदान गरेका थिए ।

बिर्तामोड उद्योग वाणिज्य संघले एक करोड रुपैयाँ बरावरको व्यवसायी सदस्य राहत कोष स्थापना गरेको हो । कोषमा हालसम्म झण्डै २० लाख रुपैयाँ संकलन भएको बताइएको छ ।


## बिमालेख हरायो

तेह्रथुम म्याङलुङ निवासी अरुण ढुंगानाको नाममा रहेको लाईफ इन्स्योरेन्स कर्पोरेसन ( नेपाल) लि.को २५०५००५६७ नम्बरको पोलिसी पेपर म्याङलुङबाट तेह्रथुम जाने क्रममा २०८२/१/०३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : अरूण ढुंगाना**
**ठेगाना: म्याङलुङ -२ तेह्रथुम**
**मो: ९८५२०६०६६६**


## गृहमन्त्री...

विषयमा विमानस्थल अध्यागमन कार्यालयका प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको छ ।

उता गृहमन्त्री रमेश लेखकले संवैधानिक निकायबाट कुनै पनि बेला कुनै पनि कर्मचारीमाथि अनुसन्धान हुनसक्ने बताएका छन् । शनिबार सञ्चारकर्मीहरूसँग उनले गृह मन्त्रालयअन्तर्गत हजारौँ कर्मचारी रहेकाले कुनै कर्मचारीमाथि अनुसन्धान हुनेबित्तिकै मन्त्रीले नै राजीनामा दिने कुराले राम्रो नजीर नबसाल्ने जिकिर गरे ।

गृहमन्त्री लेखकले अगाडि भने, 'गृह मन्त्रालयमा हजार, लाख कर्मचारी छन् । यहाँ रहेका कुनै पनि कर्मचारीमाथि संवैधानिक निकायले जुनसुकै बेला अनुसन्धान गर्नसक्छ । के त्यसो हुँदा सबै मन्त्रीहरूले राजीनामा दिँदै जाने हो ? के त्यही पद्धति बसाउने हो? त्यो सम्भव छ? त्यसकारण मैले भनिसके मेराविरुद्ध राजनीतिक र नियोजित रूपले षड्यन्त्रमूलक ढंगले झुट्टा प्रचारबाजी भइरहेको छ ।' उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनमा 'भिजिट भिसा'का विषयमा मात्रै होइन, आफ्नो राजनीतिक र सार्वजनिक जीवनमा आर्थिक अनियमितता गरेको विषय प्रमाणित भए आफू पदबाट मात्र नभई राजनीतिबाटै अलग्गिने बताए । 'अहिले जुन सवाल उठिरहेको छ, यसका सन्दर्भमा मात्रै होइन, मेरो सार्वजनिक र राजनीतिक जीवनमा यदि एउटा मात्रै पनि आर्थिक अनियमितता गरेको प्रमाणित कसैले गर्‍यो भने म पदबाट होइन राजनीतिबाट राजीनामा दिन्छु', उनले भने, 'यसर्थ मेराविरुद्ध नियोजित र षड्यन्त्रमूलक ढंगबाट झुट्टा प्रचारबाजी भइरहेको छ । यस विषयमा विस्तृत धारणा राख्न आगामी जेठ १३ गतेको प्रतिनिधिसभा बैठकमा समय माग गरेछु ।'

यसअघि शनिवार नै गृह मन्त्रालयले पनि प्रेस विज्ञप्ति जारी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको घटनासँग मन्त्रालयको नेतृत्वलाई जोडेर समाचार प्रकाशित/प्रसारित भएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । विज्ञप्तिमा कुनै पनि गैरकानुनी वा भ्रष्टाचारजन्य कार्यमा मन्त्रालय र नेतृत्वको कुनै प्रकारको संलग्नता नरहेको स्पष्ट पारिएको छ ।


## बिमालेख हरायो

विराटनगर निवासी आकाशप्रसाद पौडेलको नाममा रहेको लाईफ इन्स्योरेन्स कर्पोरेसन ( नेपाल) लि. १६०००८८६७ नम्बरको पोलिसी पेपर विराटनगरबाट इटहरी जाने क्रममा २०८२/१/०३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : आकाशप्रसाद पौडेल**
**ठेगाना: विराटनगर-१०, मोरङ**
**मो: ९८५६०३५९९३**

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः किरण शाह, उत्तरः श्री कमल राईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री गंगादेवी खरेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ २०११ | १२७ | १९०. ०८ | २०८१/ १० /२२ | २०८२/ ०१ /०८ | २०८२/ ०१/२८ |



**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः किरण शाह, उत्तरः श्री कमल राईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री गंगादेवी खरेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ २०११ | १२७ | १९०. ०८ | २०८१/ १० /२२ | २०८२/ ०१ /०८ | २०८२/ ०१/२८ |



## मनसुनजन्य विपद्बाट बच्ने उपाय

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौँ र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बिर्तामोड नगरपालिकाको

## अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्बजनिक क्षेत्रमा जथाभाबी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभाबी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन अभिव्यक्ति

कविता

## मेरो गौरव



• केशव प्रसाद भट्टराई

मेरो जन्मभूमि, मेरो कर्मभूमि
म जन्मिए सभ्यता र संस्कृतिको निधि लिएर
राष्ट्रियताको  गहिरो ममता लिएर
महापुरुषको पदचापसँग ,
साधना सिकें, कर्तव्य सिके ,
साधना, तपस्या, प्रेम र सद्भाव सिकें ।
वीर पुर्खाको वलिदानसँग
साहस बटुले र त्याग सिकें ।
क्रान्तिसँगै आएका नवीन आयामहरुसँग
मैले समाज सिकें ।
यो प्रकृति र पर्यावरणसँग
जीवन जीउने कला सिकें ।
जाति, भाषी र सस्कृतिको विविधतासँग
एकताको सुत्र सिकें ,
त्यही धागोमा मैले सद्भाव उन्न सिकें ।
फराकिलो फाँट टेकेर
अग्लो शिखरको शितलतालाई चुम्दै
शान्त , स्निग्ध र सौम्य संदेश प्रवाह गर्न सिके
धन्य छ मेरो धर्ती,
पुण्य छ मेरो मेरो जन्मभूमि
प्राचिन सभ्यताको उद्गम बिन्दू
गौरव छ मेरो देश ,
मेरो नेपाल ॥।

## सजिलो वर्णमाला



दिलीप श्रेष्ठ

बार बार उनी भन्छिन्
मैले उन्लाई कहिले बुझ्न सकिनँ
मानौँ उनी एउटा महाकाव्य नै हुन्
र म एउटा अनपढ बज्रस्वाँठ मात्र हुँ

फेरि पनि मैले सम्झाउँदै भनेँ –
"दुइटा नानी जन्मिदासम्म त – तिमी
सजिलो वर्णमाला जस्तै थियौ- सबै बुझ्थेँ
तर अहिले चिनियाँ अक्षरजस्तै छौ- प्रिय
तिमी नै भन म कसरी बुझ्न सक्छु"

उनले पनि मलाई भनिन्
"तिमी पनि त त्यसबेला सजिलै थियौ
न गुण देख्थ्यौ न भान्सामा नून देख्थ्यौ
म सँगै हुँदा न पूर्णेको जून देख्थ्यौ"

त्यसबेला हाम्रा आँखाहरू
र ओठका मन्द मुस्कानहरू
चूपचाप केही बोलिरहेका थिए-
"वास्तवमा जिन्दगी र प्रेम – सधैं
सजिलो वर्णमाला जस्तै भैदिए ...आहा !"

गजल

## थाहा छ



मोनिका अर्याल

भरे सपनीमा आउँछौ थाहा छ
सुटुक्क पिरती लाउँछौ थाहा छ

लुकाएरै राख्छु मनको कुरा म
सुइको तिमीले पाउँछौ थाहा छ

हुनेछैन केही तिमीसँग गुनासो
याद बनेर सताउँछौ थाहा छ

गुनगुनाउँछु तिम्रो नाम आजभोलि
गीत तिमी मेरै गाउँछौ थाहा छ

शिखर चढुँ पनि अब छैन डर
लडेछु भने समाउँछौ थाहा छ ।

# देशमा मर्न समेत पाइने भएन !



• दिपक रोका

'गुन्टा तयार पारैं। अब म हिँड्नु पर्छ।' भारतीय सेनामा कार्यरत लाहुरेले परिवारका सदस्यहरूलाई अभिवादन गर्दै बिदाइ हुन खोज्यो। अनेकन् पीडाका बिच खिस्स हाँस्दै आँगनमा निस्क्यो।

ऊ दुई महिनाको बिदामा आएको थियो। परदेशमा हुने एक्लोपन घरमा आएर मेटाउने कोसिस गर्दै थियो। परिवारका सदस्यहरूसँग रमाउँदै थियो। अचानक कश्मीरमा चर्केको द्वन्द्वका कारण बिदा नसकिँदै पल्टन फर्कन पर्ने भयो।

कोठाभित्र रहेकी श्रीमती बाहिर आउन नपाउँदै ऊ हिँड्न खोज्यो, 'ल हिँडें है त, आफ्नो ख्याल राख्नू। छोराछोरी र आमाको राम्रो हेरविचार गर्नू। म फेरि केही महिनापछि आइहाल्छु। सेनाको जागिरमा बिदाको भर नै हुँदैन,' यति भन्दै उसले आँगनको डिल नाघ्न खोज्यो।

यत्तिकैमा अनायास घर भित्रबाट सुँक्कसुँक्क आवाज आयो। यसो नियाल्दा उसको अर्धाङ्गिनी।

'हैन अचानक तपाईं कहाँ हिँड्ने भनेको? दुई वर्षमा घरमा झुल्केको हजुर फेरि दश दिन पनि नबित्दै किन जानु पर्‍यो? हजुरलाई हाम्रो ख्याल छैन? जागिर मात्रै भए पुग्छ?'

उसले कुरा बुझिहाल्यो। लामो समयपछि घरमा आएको त्यसमा पनि बिदा नसकिँदै फर्कनु पर्ने। अनि फर्कन पर्ने कारण पनि भारत पाकिस्तान द्वन्द्व। श्रीमतीको मन न हो। पीडा त भइहाल्ने भयो। परिणाम स्वरूप गुनासो रहने नै भयो। आँसु खस्ने नै भयो।

'यस्तै हो लाहुरेको जिन्दगी, प्रिय। जे उद्देश्यले भर्ती भइएको हुन्छ, त्यो पूरा गर्नै पर्छ। यो मेरो धर्म हो,' लम्किसकेको पाइला पुनः फर्काउँदै लाहुरेले उनलाई सम्झाउने कोसिस गर्‍यो।

'मलाई थाहा छ तर...' उनको बोली रोकियो। फेरि उही चित्कार।

हो, वास्तवमा ऊ गुलेली खेल्न हिँड्न लागेको थिएन। लड्न तम्तयार थियो। युद्धमा गोलीमार्फत परास्त गर्नु वा आफूले गोली खानु अनिवार्य थियो। यस्तो कठिन कार्यका लागि प्रस्थान गर्न लाग्दा उसको मनमा पनि अनेकन् पीडा थिए। भित्री मन मानेको थिएन। तथापि त्यो देखाउने छुट उसलाई किमार्थ थिएन। परिवारभन्दा ठुलो जागिर थिएन। तथापि जागिर नगरी बस्न सम्भव थिएन। त्यसैले मन बाँधेर विदेशी भूमितर्फ लम्कन लागेको थियो।

उसले श्रीमतीलाई सम्झाउन भ्याएको थिएन, पिँढीको छेवैमा बसेकी आमा झन् कहालिएर रुन थालिन्।

'अहिले गइहाल्ने कुरा नगर बाबु। बिरामी वा अन्य कारण देखाएर केही दिन यतै बस्। कतै द्वन्द्व टर्छ कि?'

'हैन आमा, हामी सेनामा कार्यरतले देशको पक्षमा लड्ने कसम खाएका हुन्छौं। देशलाई पीडा पर्दा हामी झुट बोल्ने कल्पना पनि गर्न सक्दैनौं। त्यसैले हिँड्ने बेला मलाई आशीर्वाद दिनुहोस्। जितको शुभकामना दिनुहोस्,' उसले दृढ भएर आमाको सवाल सामना गर्‍यो।

आमाले सुस्केरा हाल्दै इतिहास कहन थाल्नुभयो, 'तेरा बा पनि भारतीय सेनामा थिए। तिमीहरू सानै छँदा कार्गिल युद्धमा ज्यान गुमाए...' आमा शब्दविहीन भइन्। त्यहाँ एक प्रकारको सन्नाटा छायो।

पुनः साहस बटुलेर थपिन्, 'उति बेला भारत सरकारले शहीद भन्ने बिल्ला त भिरायो तथापि मान्छे नै नरहेपछि शब्दले केही हुँदो रहेनछ। भन्न त कार्गिल युद्धमा भारतले पाकिस्तानमाथि विजय प्राप्त गर्‍यो भन्थे। हामीलाई कागलाई बेल पाक्यो हर्ष न बिस्मात।'

'आमा, त्यो सब मलाई थाहा छ। हजुरले कलिलै उमेरमा जीवनकालकै कठिन समय भोग्नु पर्‍यो। एकातिर बुवाको अकालमै मृत्यु भुल्न सक्ने क्षमता थिएन तपाईंमा। अर्कोतिर पोइ खाई भन्ने सामाजिक आक्षेप। रुढीवादी समाजले एउटा विधवामाथि करुणा भाव राख्न त सकेन। त्यसको ठिक विपरीत चराएको घाउमा नुन चुक छर्कने काम भयो। फलस्वरूप तपाईंले थप मानसिक तनाव झेल्नु पर्‍यो।'

आमाले कौतुहलताका साथ छोराको कुरा सुनिरहेकी थिइन्।

'हामीलाई हुर्काउन तपाईंले हदैसम्म पीडा सहनु पर्‍यो। त्यो भनेर साध्ये छैन, आमा। बुवाले पाउनु पर्ने आर्थिक प्याकेज पनि दलालहरूले कब्जा गरे। फलतः चरम आर्थिक अभाव सहनु पर्‍यो। हाम्रा लागि मेलापातमा गएर दुई छाक जुटाउनु पर्ने अवस्था सिर्जना भयो। हजुरले हामीलाई कठोर पीडा सहेर हुर्काएको मेरो मानसपटलमा ताजै छ।'

'आमा, हजुरले श्रम बेच्नु भयो तथापि इमान बेच्नु भएन। दश नङ्ग्रा खियाउनु भयो तथापि नैतिकता बन्धक राख्नु भएन। दुःख गर्नु भयो तथापि भिख माग्नु भएन। तपाईंको साहसका कारण हामीलाई बुबा नभएको आभास भएन। परिणाम स्वरूप आज हामी आफ्नो खुट्टामा उभिन सक्ने भयौं। हामीलाई यसमा धेरै गर्व छ। तथापि बुवाले एउटा नियति भोग्नु पर्‍यो भन्ने कारण देखाएर आज म काममा नगई कसरी बसूँ?' उसले आमालाई ढाडस दिँदै भन्यो।

आमाले इतिहास सम्झाउने कोसिस गरिन्, 'बाबु छोरा, भारत पाकिस्तान युद्ध कहिल्यै रोकिँदैन। सन् १९४७ मा भारत स्वतन्त्र भएदेखि कैयन् पटक लडाइँ भयो। इतिहास साछी छ। १९४७, १९६५, १९७१, १९९९ र अहिले २०२५ मा समेत पुनः त्यस्तै संकेत देखिएको छ। यस्तो अवस्थामा तैंले जिद्दी गर्ने?'

'हैन आमा' ऊ बिचमा प्वाक्क बोल्यो।

तर आमा थप भावुक बनिन्, 'बाबु, बरु जागिर खान नजा। कमाइ नभए जसरी हुन्छ जीवन धानौंला। खानै नपाए भोकै बसौंला। एक छाक खाउँला। त एक्लै पराइको भूमिमा गएर मर्नुभन्दा हामी सँगै जसोत;ो गरौंला।'

'आमा, सोच र जिन्दगी फरक हुन्छ। हिजोका दिनमा मानिसका आवश्यकता थोरै थिए। परिवारका सपना सामान्य थिए। नगद पैसा नभए पनि जीवन चल्थ्यो। आज त्यस्तो छैन। परिवेश बदलिएको छ। हाम्रा सपनाको दायरा चाहेर नचाहेर बढेका छन्। शिक्षा दीक्षा, पालन पोषण महँगो भएको छ। भड्काउ जीवनशैली नभए पनि पाइला पाइलामा पैसा नै चाहिन्छ। पैसा नै जीवन जस्तो भएको छ। भावना जस्तो वास्तविकता छैन। त्यसैले म जानुपर्छ आमा,' उसले जिद्दी गर्‍यो।

हो, यस्तो परिस्थितिमा परिवारका सदस्यमा पीडाबोध हुनु स्वाभाविक थियो। कसैले गफ गर्नु र आफू स्वयमले त्यो सामना गर्नुमा आकाश पातालको फरक हुन्छ। कल्पना गरौं त हाम्रो परिवारका सदस्य लडाइँमा जान लागेको भए हामीलाई कस्तो अनुभूति हुन्थ्यो? मन कति अमिलो हुन्थ्यो? सम्हालिन कति गाह्रो हुन्थ्यो? सामान्य रूपमा घरबाट केही पर प्रशासनिक कामहरू गर्न जाने बेला त हामीलाई छुट्टिन अप्ठ्यारो लाग्छ। जीवन र मरणको सवालमा युद्धमा नै जाने भनेको चानचुन विषय हैन। उसकी जीवनसाथी, आमा र परिवारको रोदन स्वाभाविक थियो।

परिवारका सदस्यलाई खुसी पार्न भावनालाई भुलेर यथार्थमा रम्नु उसको बाध्यता थियो। एउटा कुराले उसको मन सारै बिझाइरहेको थियो। नेपाली नागरिक भएर भारतको लागि लड्नु पर्ने? यो दुर्भाग्यपूर्ण अवस्थाले भने उसको मन थप पोलिरहेको थियो।

'देशमा बाँच्न त परै जाओस्, मर्न समेत पाइने भएन। के गर्नु, खोक्रो राष्ट्रवादले जीविकोपार्जन सम्भव रहेनछ। आदर्श र दर्शनले भोको पेट नभरिने रहेछ। भावनाले जीवन नचल्ने रहेछ। नेताका बोलीमा झुन्डिएको समृद्ध, विकसित नेपाल भन्ने दशकौं देखिको नाराले पेट भरिने रहेनछ। आज स्वदेशमा रोजगारीका अवसर नहुँदाको परिणति गोर्खा पल्टनमा भर्ती हुनु पर्‍यो। भारतीय सेनामा राम्रो सेवा सुविधा पनि छ। त्यसैको लागि उसको दास बन्नु पर्‍यो। अर्काको देशको लागि जीवन आहुति दिन तयार हुनु पर्‍यो। अरू देशको लागि रगत बगाउन बाध्य हुन परेपछि मातृभूमि त नाम

❖ बाँकी तेस्रो पृष्ठमा

# डरैडरमा जोगाएको सम्बन्धको के अर्थ?

वसन्त आचार्य

रातले भर्खरै आङ्ग तन्काउँदै थियो। दिनभरी पूरा निद्रा सुतेर रात उठ्ने बेला भएको थियो। हामी रातमा सुत्छौं भनेर अरू पनि रातमै कहाँ सुत्छन् त? हामीले मर्निङ वाक गरेजस्तै रातले पनि नाइट वाक गर्नुपर्ने होला। जीवनको मेलो सार्न केही काम गर्नुपर्ने होला। कल्पना न हो मुख धुनुपर्ने होला, ब्रस गर्नुपर्ने होला, अनि मोबाइल स्क्रोल गरेर हाम्रो पात्रोमा आएका समाचारका नोटिफिकेसन हेर्दै क्यापाचिनो खानुपर्ने होला। दिन जस्तै त होला यो रात पनि। साँच्चि रातलाई रात, अँध्यारो लाग्छ होला कि उज्यालो ? दृष्टिविहीनलाई अँध्यारो पनि उज्यालो लागेजस्तै पो हो कि?

सुत्नुभन्दा आधा घण्टा अगाडि मलाई मोबाइल चलाउनै पर्छ। आजभोलि यो हरेक नेपालीको आदत नै बनेको छ। केही महिना पहिला मोबाइलबाट फेसबुक एप हटाएपछि सामाजिक सञ्जालको कुलत विस्तारै कम हुँदै गएको छ। तर यतिसम्म बुद्धु भइएको छ कि दिनभरी भेटिएको साथीको बर्थ डे पनि थाहा हुँदैन। थाहा नहुनु पनि एक प्रकारको आनन्द रहेछ त। शून्यतामा पनि जीवन हुन्छ भनेजस्तै। जानेर भन्दा पनि नजानेर धेरै कुरा जानिन्छ भनेको यही कारणले होला। सुधिर शर्माको लेटेस्ट पोडकास्ट सुन्दै थिएँ। अचानक ह्वाट्स एपमा सन्देश आयो।

'के हो यार आजभोलि त सवाल जबाफ नै छैन त? यसरी भुल्न त कहाँ मिल्छ र?,' नबिल बैंक म्यानेजरमा सेभ भएको नामबाट सोधिएको प्रश्न थियो।

खास नाम के होला? तपाई पनि कोही केटीको नाम सेभ गर्दा घरवालीको डरले यस्तै नाम सेभ गर्नुभएको छ? या केटाको नाम सेभ गर्दा घरवालाको डरले। जबाफ आफैलाई दिनुहोला। मनलाई दिनुहोला। आफैलाई दिएको जबाफ जत्तिको चोखो जबाफ कुम्भ नुहाउँदा पनि हुँदैन।

'सवाल तिमीले गर्न कहिले दियौ र? सवाल गर्नु तिमी आफ्नो हक सम्झन्छौ। रह्यो जबाफको कुरा, टोनी रविन्सको स्पिच सुन्ने तिमीलाई म जाबोले कहाँ चित्त बुझाउन सक्छु र?,' मैले हल्का घोचपेचको पारामा दिएँ।

कहिलेकाहीँ यस्तो जबाफ दिने आदतले मलाई ग्लानी बोध गराउँछ। सोच्छु अब यस्तो गर्दै गर्दैन। अब शान्त बन्छु। कोही बोल्यो भने टाउको मात्रै हल्लाउँछु। मुस्कानले स्वीकार गर्दिन्छु। बेकारमा मान्छेको मनमा किन बिझाउनु?  केही दिन अगाडि एक जना स्पिकरको वाणी सुनेको थिएँ– 'तपाईंलाई अत्यधिक रिस उठेको बेला या कसैले काम बिगारेको बेलामा शान्त रहने फर्मुला प्रयोग गर्नुहोस् जिन्दगीका आधा उल्झन त्यसै त्यसै हराएर जान्छन्।'

यो कुराले मलाई शान्त रहन साह्रै बल गरेको थियो। तर थाहा पाउनु, प्रतिज्ञा गर्नु र लामो समयदेखि चल्दै आएको आदत बदल्नुका बीचमा केही फरक रहेछ।

'मेरो चित्तको पनि ख्याल लाग्दो रहेछ त?' कुनै टेलिभिजनमा अन्तर्वार्ता लिनका लागि तयार भएको अन्तर्वार्ताकार जस्तो उसले तत्काल प्रश्न गरी।

'अरे यार सिन्दुर भर्नुमा मात्रै प्रेम हुन्छ भन्ने भ्रममा छौ अझै पनि। तिमी ख्याल गर्दिन भनेर पनि भुलिने मान्छे होइनौ। हिँड्दा छायालाई अलग पार्न सकिन्छ र? सास फेर्दिनँ भनेर रोक्न सकिन्छ र?'

उसले लभ रियाक्ट गरी। मलाई आधा मुटु नै काटेर दिए जस्तो भयो।

नामः आकृति। बस् पहिलो चिनारी यही थियो। अर्कोदिन थपियो उसको थर, केसी। परिचयहरू हरदिन फराकिला हुँदै गए। कन्सल्टेन्सीको जागिरले सहरतिर तानेको रहेछ। मोबाइल पसलमा भेटेपछि परिचयको ढोका खुलेको थियो।

मान्छे आँखाले होइन मनले चिनिँदो रहेछ। हेर्दाहेर्दै कोरिँदो रहेछ मुटुमा चित्र। कुनै बैंकमा 'लोन प्रोसेस' नगरेरै बन्दोरहेछ पिरतीको घर। यो आँखाले हरदिन, हरक्षण हजारौं मानिस भेट्छ। तर मनमा यही मान्छेको चित्र कोर्नुपर्दछ भनेर कसरी चिन्छ होला? के हुन्छन् होला सूचकहरू? हामीलाई दुईमा एक छान्न गाह्रो हुन्छ,  यो आँखालाई लाखौंमा एक छान्न कति सजिलो भएको? केही प्रश्नका जबाफहरू च्याट जिपिटीमा पनि भेटिँदैनन्। भेटिए पनि मन खाने हुँदैनन्।

कोही कसैको चित्र मनमा कोर्नका लागि केही 'इन्डिकेटर' पनि राखिनु नि। सबै आफन्तीबाट एक्लो बनाएर ल्याएकी श्रीमती हुँदाहुँदै पनि किन अर्को मान्छेको चित्र कोरिन्छ मनमा? यो त सरासर पाप होइन र? धोका होइन र? नैतिक विचलन होइन र?

नारायण गोपालले राममान तृषितका शब्दहरूलाई उहिल्यै गुनगुनाएका थिए 'मैले पुण्य मन पराए या पाप मन पराए, जेहोस् मैले तिमीलाई चुपचाप मन पराए।'  माया कसले कसरी गर्‍यो? किन गर्‍यो? कहिलेदेखि गर्‍यो? यस्तो फेहरिस्त खोजिँदैन। फेहरिस्त व्यापारमा हुन्छ। अडिटरको रिपोर्टमा हुन्छ। माया, केवल माया मात्रै हो। माया सधैं पुण्य हो। पवित्र मनले कसैलाई प्रेमका लागि निमन्त्रणा गर्नु पनि पाप हुन्छ त? प्रेमको कुन ऐन र नियमावलीको दफामा लेखिएको छ बिहे गरेकाहरूलाई प्रेम गर्नुहुँदैन भनेर? या सर्वोच्चले कुन नजिर प्रतिपादन गरेको छ? बिहे हुनु र प्रेम हुनु एउटै हो र?

यत्ति हो। यत्ति हो हाम्रो प्रेमको इतिहास। कुनै इतिहास निकै छोटा हुन्छन् तर कहिल्यै सकिँदैनन्। डिलाइट कर्नरको क्याबिन नम्बर ७ साक्षी छ। खाजा खाने बहानामा उसैले हो घुमाउरो पारामा मायाको प्रस्ताव गरेको अनि घुमाउरै पारामा मैले स्वीकार गरेको। अपराध कसले गर्‍यो? प्रस्ताव गर्ने या स्वीकार गर्नेले? अब त एकै भइयो, अपराध पनि आधा आधा। सजाय पनि आधाआधा। माया पनि आधा आधा। हाँसो, खुसी, दुःख अनि पीडा सबै आधा आधा। मुटु आधा आधा।

'तिमी र म एक हुन सक्दैनौं। राधाकृष्ण जस्तो जोडी हुन सक्दैनौं।  औपचारिक रूपमा आफ्नो हुन सक्दैनौ तर पनि किन यति धेरै माया लाग्छ मेरो मुटु?' मैले अघि नै भनिसकेँ सवाल गर्ने अधिकार उसलाई मात्रै छ।

मैले जबाफ दिने भूमिका निभाउनै पर्‍यो।

'तिमीले राधा कृष्णको कथा नपढेजस्तो लाग्यो। माया गर्न। मुटु साट्न। मन पराउन। रातभरी सपनामा देख्न। घरीघरी प्रोफाइल सर्च गरेर फोटो हेर्न। नाता चाहिँदैन। सम्बन्ध चाहिँदैन। औपचारिकता चाहिँदैन। भेट चाहिँदैन।'  कृष्ण धराबासीको राधा निकै मन लगाएर पढेको थिएँ। मलाई राधा कृष्णको प्रेम परिभाषित गर्न के नै गाह्रो थियो र!

'राधा र कृष्णले एकअर्काको नभएरै कति

❖ बाँकी तेस्रो पृष्ठमा

# एक जीवन, हजार प्रेरणा, युवाको विश्वास र समाजको आधार



• टिकाराम खतिवडा (गणेश)

झापा जिल्लाले एक समर्पित सामाजिक अभियन्ता, निडर राजनीतिक व्यक्तित्व, खेलप्रेमी र सेवाभावले भरिएको असल व्यक्तित्व गुमाएको छ। स्व. कृष्णबहादुर बस्नेत र आमा सरस्वती बस्नेतको कोखबाट जेठा छोराको रुपमा हाल इलाम नगरपालिका वडा न. १ साबिक साखेजुङ (गा.वि.स) वडा न. ५ मा जन्मनु भएको थियो । हामी सबैको मन आज गहिरो शोकमा डुबेको छ। किनभने हामीले विनोद बस्नेतज्यूलाई असामयिक रुपमा ५२ बर्षको उमेरमा गुमाएका छौ । स्वर्गीय बस्नेत एक निडर वक्ता, स्पष्ट विचार भएको राजनीतिक व्यक्तित्व र जनताको आवाज बोल्न सक्ने असल नेता हुनुहुन्थ्यो ।

उहाँको बोलीमा आत्मविश्वास थियो, विचारमा गहिरो सोच थियो र व्यबहारमा सहजता । उहाँ सामाजिक समानता, न्याय र जनहितका मुद्धाहरुमा सदैव अग्रपंक्तिमा उभिनुहुन्थ्यो । समाजका सबै वर्ग ,जेष्ठ नागरिकदेखि युवासम्म उहाँप्रति सम्मानका साथ हेर्थे । मधुर व्यबहार ,मिलनसार स्वभाव र समाजको हरेक पाटोप्रति उहाँको आत्मीयता अद्वितीय थियो ।उहाँ आफ्ना मित्रहरुका लागि सदैव सहयोगी हात, सहकर्मीहरुका लागि प्रेरणा र नवयुवाहरुका लागि आदर्शको केन्द्र हुनुहुन्थ्यो ।

स्व. बस्नेतको सक्रियता केवल पद र संगठनभित्र मात्र सीमित थिएन, सामाजिक विकास, युवाहरुको सशक्तिकरण, खेलकुदको प्रबर्द्धन र समुदायको समग्र उन्नतिमा उहाँले पुर्याएको योगदान अविस्मरणीय छ । उहाँमा असल नेतृत्व, सहकार्यको भावना, स्पष्ट दृष्टिकोण र निडर अभिव्यक्ति थियो ।जुन गुण एक असल मानव व्यक्तित्वको परिचय हो ।

उहाँ झापा गोल्डकपका निवर्तमान अध्यक्ष, वीरता जेसीजका पूर्व अध्यक्ष तथा नेपाल जेसीजका पूर्व कार्यकारीणी उपाध्यक्ष, जेसीज पूर्व अध्यक्ष समाज झापाको निवर्तमान अध्यक्ष, एकका लागि १ अभियानका सहसंयोजक, रोटरी क्लब अफ बिर्तामोडका पूर्व अध्यक्ष, मेची पेट्रोलियम डिलर्स एशोसिएसन झापाका महासचिव, उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका सदस्य तथा अन्य दर्जनौ सामाजिक संघ संस्थाको सफल नेतृत्व गरिसकेको व्यक्तित्व हुनुहुन्थ्यो ।



उहाँले खेलकुदको माध्यमद्वारा झापा जिल्लाको फुटबल खेलको विकास, उन्नयन, तथा प्रवर्द्धन साथै विश्व कोभिड- १९ को चपेटामा परेको बेला कोभिड- १९ बाट बचाउन, भोकालाई खानाको व्यवस्था, बिरामीलाई अक्सिजन सिलिण्डर र कनकाई कोटीहोममा कोभिड-१९ चेकअपका लागि पीसीआर प्रयोगशाला निर्माण गरी एकका लागि एक अभियान संस्थामार्फत गर्नु भएको सेवाभाव अझै पनि मेरो मानसपटलमा ताजै छ । स्वर्गीय विनोद बस्नेतज्यूको नाम आज पनि नेपाल जेसीजको इतिहासमा एक उज्यालो ताराको रुपमा चम्किरहेको छ ।

उहाँ केबल झापा जिल्ला मात्र नभई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नेपाल जेसीज अभियानमा एक प्रेरणादायी हस्तीको रुपमा चिनिनु हुन्थ्यो । उहाँले १८ बर्षदेखि ४० वर्षसम्मका युवाहरुलाई जेसीज अभियानमार्फत नेतृत्व, सामाजिक उत्तरदायित्व र व्यक्तित्व विकासको मार्गमा डोर्याउनु भएको अतुलनीय योगदान स्मरणीय छ । नेपाल जेसीजभित्रको एक प्रभावशाली वक्ता प्रशिक्षक र मार्गदर्शक पनि हुनुहुन्थ्यो ।

उहाँको जोश, दृष्टिकोण अनि युवाप्रति देखाएको भरोसाले धेरै नवप्रवेशी सदस्यहरुलाई जेसीज अभियानप्रति समर्पित हुने उत्प्रेरणा दिएको थियो।
स्वप्न देख्ने आँखाहरु थिए ,युवा बोल्ने स्वरहरु थिए।
झापाबाट देशभरि फैलिएको, एक प्रेरणादायी अभियान थिए।
जेसीजको यात्रामा अमिट चिनो, १८ देखि ४० वर्षे पुस्ताका भरोसा थिए
नेता मात्र होइन, सामाजिक सेवामा एक जीवन्त पाठ थिए ।
खेलमा जोश, राजनीतिमा निडर दृष्टिकोण हरमनमा बिनोद बस्नेत एक नाम, एक अभियान, एक प्रेरणा थिए ।
गए तपाई बाँचिरहनेछ तपाईको योगदान हाम्रो सोच र समाजमा सँधै।

उहाँको मानवीय भावनाले ओतप्रोतको जीवन शैलीले कैयौलाई प्रेरणा दिएको थियो उहाँको रहनसहन, बोलीचाली र व्यवहार सबैमा मित्रता, विनम्रता र इमान्दारीता झल्किन्थ्यो । उहाँ एक असल साथी, आदर्श समाजसेवी पारिवारको अभिभावक र सबैको प्रिय हुनुहुन्थ्यो । आज हामी उहाँसंग शारीरिक रुपमा साथमा छैनौ तर उहाँको स्मृति विचार र कर्म हामी सबैको मनमा सँधै जीवित रहने छ ।

उहाँले चाल्नु भएको सामाजिक कार्य, नेतृत्व र जनसेवाको भावना हामी सबैको लागि प्रेरणाको स्रोत हुनेछ । उहाँको कार्य,सोच र आदर्शले हामीलाई अझ उत्तरदायी नागरिक बन्न उत्प्रेरित गर्नेछ । म उहाँप्रति गहिरो श्रद्धाञ्जली अर्पण गर्दछु र शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । अन्त्यमा, नेतृत्व त जन्मिन्छ, तर सेवा आत्मामा बस्नुपर्छ बस्नेत त्यसको मूर्त उदाहरण हुनुहुन्थ्यो ।

# स्काउटको पुनर्ताजगी कार्यशाला

बिर्तामोड (प्रस) । नेपाल स्काउट, कोशी प्रदेशअन्तर्गत स्थानीय स्काउट बिर्तामोडले शनिवार एकदिने पुनर्ताजगी कार्यशाला सम्पन्न गरेको छ । महेन्द्र रत्न माविको पुरानो स्रोतकेन्द्रमा उद्धाटन गरिएको कार्यक्रममा प्रमुख अतिथि स्थानीय प्रमुख स्काउट नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, विशिष्ट अतिथिमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव तिलचन भण्डारी, विद्यालयका प्रधानाध्यापक खड्ग खरेल, शिक्षक नेता नेत्र खरेल लगायत स्काउटरहरुमा शैक्षिक पद्धति आयुक्त सहायक राष्ट्रिय प्रशिक्षक सङ्गिता पराजुली, स्रोत तथा वित्त आयुक्त कपिल सापकोटा, सामुदायिक विकास आयुक्त डम्बरु बल्लभ ओझा, सदस्यता वृद्धि आयुक्त आकाश सिंह, कार्यसमिति



सदस्यहरु गीतादेवी भट्टराई तिवारी, प्रमिला भण्डारीलगायत परिषद् सदस्यहरु देवीप्रसाद पराजुली, सुम्निमा राई, रोजिना उप्रेती एवम् विविध विद्यालयका स्काउटरहरु, बिर्तामोड रोभर रेन्जर कृउका रोभर रेन्जरहरुको उपस्थिति थियो ।

विद्यार्थीहरुलाई आत्मनिर्भरता, अनुशासन, कर्तव्यनिष्ठ नागरिक निर्माण गर्ने उद्देश्यले नेपालमा २००९ साल असार ५ गते विधिवत रुपमा स्थापित यस संस्था संघीयताको ढाँचा बमोजिम तीनवटै तहमा गठन भएर विविध कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यस कार्यक्रमको मूल उद्देश्य स्काउट शिक्षकको तालिम लिएर पनि विविध कारणले विद्यालयमा स्काउट कक्षा संचालन गर्न कठिनाई भएका वा भर्खरै स्काउट शिक्षक बनेर विद्यालयमा गएर कसरी इकाई गठन गर्ने भन्ने जिज्ञासा बोकेका र लामो समय स्काउटिङ्गबाट विमुख भएका स्काउटर हरुलाई सहजीकरण गर्ने हेतुले महिला तथा बालबालिका शाखाको प्रायोजन तथा स्थानीय स्काउट कार्यालय, बिर्तामोड नगरपालिकाको व्यवस्थापनमा आयोजना गरिएको कार्यक्रमका अध्यक्ष प्रमुख आयुक्त निकुञ्ज शर्माले जानकारी गराए ।

## डरैडरमा...

धेरै माया गरे।'

उसको थप प्रश्न आउने छाँट थिएन। जबाफ दिनभन्दा कैयौं गुणा बढी क्षमता हुनुपर्दछ प्रश्न गर्नलाई।

मैले आफै थपेँ, 'समाजले देख्ने गरी एक भएकाहरू के साँच्चिकै एक भएका छन् त? सिउँदोका दुई किनारालाई सिन्दुरले जोडेजस्तै जोडिएका छन् त? तिमीलाई यस्तो लाग्छ। जीवनमा को एक भएको छ। को एक्लो भएको छ। यो नेटफ्लिक्सका लागि एउटा राम्रो वेबसिरिज बन्ला। हामी समाजका लागि होइन आफ्नो सन्तुष्टिका लागि एक भएका हौं भने किन विज्ञापन गर्नुपर्यो। संसारमा सबै वस्तुको विज्ञापन हुँदैन। तर पनि ती चलिरहेका हुन्छन्।'

प्रेममा संवादहरूमा अक्सर उसलाई मैले थकाएरै छाड्थैं। गलाएरै छाड्थैं। प्रेम गर्नमा भने उसले मलाई थकाउँथी। यो दुनियाँमा देखिनेभन्दा लुक्ने वस्तुको धेरै मूल्य हुँदो रहेछ। हामीले हाम्रो प्रेमलाई लुकाएर बहुमूल्य बनाइरहेका थियौं।

उसको जीवनको आफ्नै गति र लय थियो। अनि मेरो आफ्नै। हामीले आफ्नो जीवनको गति र लय नबिगारेर। नमेटेर। बाङ्गोटिङ्गो नपारेर। नयाँ जीवन चलाउनु थियो, चलायौं। प्रेमको सुन्दर घर बसाउनु थियो, बसायौं। कसैले नदेखोस्। कसैले नसुनोस्। हामी यही सजगताका बीचमा एउटा नैतिक सीमा बनाएका थियौं। कसले कतिबेला म्यासेज गर्ने। सुरूमा के लेख्ने? यावत-यावत आचारसंहिता थिए हाम्रा। आचारसंहिता पालनामा हामी दुबै सजग थियौं। सायद त्यही भएर केही अनर्थ भएको थिएन। दुबैको घरमा सुइँकोसम्म थिएन।

माघ जाडो ओढेर आएको थियो। सधैंभरी जाडो ओढ्न यो माघलाई कति रहर लागेको। यो माघमा श्रीमतीभन्दा पनि सिरक प्यारो लाग्ने। सिरकमा लुटपुटिएर टिकटक हेर्दै थिएँ। केही सिरकले न्यानो दिएको थियो, केही टिकटकले। वातावरण साँच्चै हट थियो। ह्वाट्सएप कराइहाल्यो।

'हेल्लो सर नमस्कार, म सरोज' म्यासेजको सुरूआत गर्दा यसैगरी गर्नुपर्ने आचारसंहिता उल्लंघन भएको थिएन।

'नमस्कार म्यानेजर साप,' मैले पनि सहजतासाथ जबाफ फर्काएँ।

'आज यो अन्तिम संवाद तपाईंसँग,' यो सानो वाक्यमा कति धेरै रहस्य लुकेको थियो। छटपटी र विरह लुकेको थियो। बोलिदिनेलाई केही शब्द त हो। तर सुनेर भोग्नेलाई साह्रै गाह्रो हुन्छ।

'तिमीले वाइन धेरै खाएको हो आज, सुत मस्तले भोलि कुरा गरौंला,' मैले परिस्थिति सहज बनाउने प्रयास गरेँ।

'सधैं खान्थेँ, आज नखाएको। मलाई तिम्रो सम्बन्धप्रति घृणा लागेर आयो। अब यसलाई अगाडि नबढाऊँ।'

'के भयो तिमीलाई अचानक, केही गल्ती भए माफ गरिदेऊ। अबदेखि नगरौंला।'

मेरो नम्रताले उसको उग्रतालाई थाम्न सकेन।

'म गलत बाटोमा थिएँ भन्ने कुरा मेरो आँखा खुल्यो। यो हाम्रो मात्रै कुरा होइन। सारा लुकाइएका सम्बन्धहरूको कुरा हो।'

उसले मलाई बोल्नै दिइन।

'मुटुमा समस्या भएर म लामो समय थला परेँ। बुढाले सबै काम छाडेर मलाई स्याहार्नुभयो। सोचेको थिएँ। तपाईंले श्रीमानभन्दा पनि बढी माया गर्नुहुन्छ। तर हाम्रो लुकाउने सम्बन्धले तपाईंलाई मसम्म ल्याउन सक्दैनथ्यो। मलाई भेट्न दिँदैनथ्यो। बिरामी भएर बेडमा पल्टँदा तपाईंलाई धेरै खोजेँ। आउनु भएन। आउनु पनि कसरी? देखिने सम्बन्ध नै के थियो र हाम्रो? श्रीमान नभएको भए म विरक्तिएर मर्ने थिएँ। यस्तो प्रिय मान्छेको सानो सानो कुरामा खोट देखेर म कसरी खुसी हुन सक्छु? जीवनमा जे कुरा आफ्नो हो, त्यसमा रमाउनु पर्दछ। जे होइन त्यसलाई आफ्नो बनाएर खुसी हुन सकिँदो रहेनछ।'

'आफ्नोबाट सबै खुसी मिल्ने भए हिजो किन तिमी बेचैन थियौ त?' मलाई पनि थामिनसक्नु भएको थियो। थोरै रिस मिसाएँ।

'मैले सम्बन्धको अर्थ बुझिनँ, महसुस गरिनँ। बाहिरी आवरण र भोगबिलासले मलाई शून्य बनायो। तर सबै फगत रहेछ। लुकेर बनाएका सम्बन्धहरू सबै अवैध हुन्। अनैतिक हुन्। हामीले हामीलाई जीवन सुम्पिएकाहरूको भावनासँग खेलेका रहेछौं। अब मैले जीवनमा यस्तो गल्ती कहिल्यै गर्ने छैन।'

'घरमा केही थाहा भयो र? आत्तिएकी छौ त,' रिसलाई निमोठेर म शान्त हुने प्रयास गरेँ।

'होइन, मेरो मनले नै यो सम्बन्ध अगाडि नबढाऊ भन्यो। डरैडरमा जोगाएको सम्बन्धको के अर्थ? जतिसुकै लुकेर सम्बन्ध राखे पनि मनबाट लुक्न सकिँदो रहेनछ। बिन्ती आजसम्म जे भयो, गलत भयो। अब बाँकी जीवनमा मैले आफूलाई संयमित बनाउँछु।'

यही अन्तिम संवाद लेखेपछि सायद मलाई ब्लक गरी मैले जबाफ लेख्न थाल्दा थाल्दै उसको ह्वाट्सएप अलप भयो।

## देशमा...

मात्रको भयो,' ऊ मनमनै भक्कानियो।

'नेपालमा लाखौं युवा बेरोजगार छन्। बेरोजगारीले मानिसको आयआर्जन शून्य हुन्छ। आयआर्जन नभएपछि मानिसले अन्य त परै जाओस्, आधारभूत आवश्यकता पनि पूरा गर्न सक्दैनन्। जबसम्म मानिसका आधारभूत आवश्यकता पूर्ति हुँदैनन्, तबसम्म मानिसले शान्तिको सास फेर्न सक्दैन। त्यसैले मनलाई शान्त राख्न आधारभूत आवश्यकताको पूर्ति हुनु अनिवार्य छ। आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्दा परिवार, गाउँ गर्दै समग्र देशमा अशान्ति हुन जान्छ। बेरोजगारीले गरिबी, अशिक्षा, तनाव सृजना गर्दै मानिसमा डिप्रेसन तथा आत्महत्यासम्मको विकराल रूप लिँदै जान सक्छ। यस्तो भयावह समस्याका बारेमा सोच्ने कसले? राजनीतिक नेतृत्वहरू कुम्भकर्ण झैं निद्रामा मस्त छन्। पीडामा सधैं जनता।'

उसले सुस्केरा हाल्यो।

युवा बेरोजगारीको अवस्था सम्झँदै ऊ थप उदासीन बन्यो।

'बिहान उठ्यो। बाहिर घुम्यो। काम नभएका साथीभाइसँग भेट्यो। कुनै दलको कार्यक्रम भए नारा जुलुस लगायो। उतै रल्लियो। पाए नास्तापानी खायो। त्यो नि नभए भोकै गल्ली चहार्यो। समय गुजार्यो। यसरी देश निर्माणमा खर्चनु पर्ने युवा जोस त्यसै रल्लियर गएको छ। देश बनाउनु पर्ने हातहरू अनावश्यक झन्डाहरू बोक्न प्रयोग भएका छन्। समृद्धिका लागि उठ्नुपर्ने आवाजहरू वाहियात नारा जुलुसमा घन्केका छन्। सिर्जनामा बित्नुपर्ने पलहरू व्यर्थमा बितेका छन्। निर्माणमा लाग्नुपर्ने जवानहरू डोजरले भत्काएको हेर्न विवश हुनु परेको छ। यस्तो विडम्बनाबाट अधिक युवाका दिनहरू गुज्रिरहेका छन्। यस्तो अवस्थामा म यहाँ रहेर के नै गर्न सक्छु?'

'हो, म पनि यो सब परिदृष्यबारे ज्ञात छु। तिमीहरूभन्दा अझ बढी व्यवस्था र तिनका नेतृत्व झेलेको छु। अधिक खरानी घसेका नयाँ र बद्धहरूको बेतुकको वचनबद्धताले रोजगार सिर्जना नहुने रहेछ। भाषणले देश विकास हुने भए हाम्रो देश उहिल्यै स्वर्ग भइसक्थ्यो। जनताले गाँस, वास, कपास, सामाजिक सुरक्षा सहितको समावेशी लोकतन्त्रको अनुभूति गर्थे,' आमाले नेताहरूप्रति आक्रोश पोखिन्।

यो सब गलफती उसकी श्रीमतीले सुनिरहेकी थिइन्। जति कुरा गरेर अल्झाउन खोजे पनि ऊ जानै पर्थ्यो। मन कठोर पार्दै गन्तव्य उसले तर्फका पाइला अगाडि बढायो।
आमाले बिदाइ गर्दै आशीर्वाद दिइन्।

'शुभयात्रा छोरा। युद्धमा विजय भएर आएस्।'

'हस्, ल म हिँडेँ। तिमी पनि पिर नगरी बस है त,' ऊ औपचारिक रूपमा बिदा भयो।

बढो कठोर मनका साथ उसकी अर्धाङ्गिनीले केही बोल्न खोजिन् तर आवाज आएन। केवल बिदाइका हात हल्लाइन्।

आमा र श्रीमती दुवैले उसलाई देखुन्जेल हेरिरहे। जीवनको एउटा झिनो आशामा उसलाई पर्खिरहे।


**नेपाल औषधि व्यवसायी संघ**
**झापा**
**साधारणसभा सम्बन्धी सूचना**
नेपाल औषधि व्यवसायी संघ झापाको तेस्रो साधारणसभा यही मिति २०८२ असार १० गते शनिबारको दिन झापाको दमकमा हुने निर्णय भएको जानकारी गराउँदै सम्पूर्ण सदस्यज्यूहरुलाई उपस्थितिका लागि अनुरोध गर्दछौं ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।